# काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com






वर्ष : २५ | अंक : २११ | बिहीवार, ३१ वैशाख, २०८३ | Thursday, 14 May 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रु. १०


## हावाहुरीपछि विद्युत् टावर ढलेको घटनामा छानबिन समिति गठन



काँक्रेविहार संवाददाता
सुर्खेत, ३० वैशाख

कोहलपुर-सुर्खेत १३२ केभी विद्युत् प्रसारण लाइनमा क्षति पुगेपछि ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री विराजभक्त श्रेष्ठले घटनाको छानबिन गर्न समिति गठन गरेका छन् । साथै, क्षतिग्रस्त टावर तत्काल मर्मत गरी विद्युत् आपूर्ति नियमित गर्न निर्देशन दिइएको छ । केही दिनअघि आएको हावाहुरीका क्रममा बाँके राष्ट्रिय निकुञ्जको चिसापानी क्षेत्रमा ठूलो रुख ढल्दा प्रसारण लाइनका दुई वटा टावर पूर्ण रूपमा क्षतिग्रस्त भएका थिए । उक्त घटनापछि कर्णाली प्रदेशका अधिकांश जिल्लामा विद्युत् सेवा प्रभावित बनेको छ ।

ऊर्जा मन्त्रालयका अनुसार नेपाल विद्युत् प्राधिकरणका ग्रिड अपरेसन प्रमुख रमणराज शर्माको संयोजकत्वमा छानबिन समिति गठन गरिएको हो । समितिले टावर क्षतिग्रस्त हुनुको कारण, निर्माणको गुणस्तर तथा प्राविधिक पक्षबारे अध्ययन गर्ने जनाएको छ ।क्षतिग्रस्त टावर निर्माणको जिम्मा आरएस इन्फ्रा कम्पनीले लिएको थियो सामान्य हावाहुरीमै टावरमा ठूलो क्षति पुगेपछि निर्माण गुणस्तरबारे समेत प्रश्न उठेको छ । आयोजना प्रमुख रविकुमार चौधरीका अनुसार ढलेको रुखले दुई वटा टावरमा गम्भीर क्षति पुऱ्याएको थियो । "क्षति ठूलो भएकाले फाउन्डेसनदेखि नै पुनर्निर्माण गर्नुपर्ने अवस्था छ," चौधरीले भने, "पूर्ण मर्मत कार्य सम्पन्न गर्न करिब डेढदेखि दुई महिना लाग्न सक्छ ।

मुख्य १३२ केभी प्रसारण लाइन अवरुद्ध भएपछि हाल वैकल्पिक रूपमा कोहलपुर-सुर्खेत ३३ केभी लाइनमार्फत विद्युत् आपूर्ति भइरहेको छ । साथै, कैलालीबाट ल्याइएको ३३ केभी प्रसारण लाइनमार्फत पनि सेवा सुचारु गरिएको प्राधिकरणले जनाएको छ ।

रुख कटान, जग्गा भोगाधिकार तथा अन्य कानुनी प्रक्रियाका कारण लामो समय ढिलाइ भएर निर्माण सम्पन्न भएको कोहलपुर-सुर्खेत १३२ केभी प्रसारण लाइन करिब तीन महिनाअघि मात्रै सञ्चालनमा आएको थियो । तर सञ्चालनको छोटो समयमै टावर ढल्दा आयोजनाको दीर्घकालीन सुरक्षा र निर्माण मापदण्डबारे प्रश्न उठेको छ ।

# कर्णालीको एसइई नतिजा, रुकुम पश्चिम पहिलो र दैलेख सबैभन्दा कमजोर

*शिक्षा विकास निर्देशनालयका अनुसार प्रदेशको समग्र उत्तीर्ण प्रतिशत २०८० मा ४१.५३ प्रतिशत रहेकोमा २०८२ मा बढेर ५९.०५ प्रतिशत पुगेको छ । यद्यपि यो राष्ट्रिय औसत ६५.८५ प्रतिशतभन्दा कम रहेको छ ।*




काँक्रेविहार संवाददाता
सुर्खेत, ३० वैशाख

कर्णाली प्रदेशमा माध्यमिक शिक्षा परीक्षा (एसइई) को नतिजामा यस वर्ष उल्लेखनीय सुधार देखिएको छ । शिक्षा विकास निर्देशनालय कर्णाली प्रदेशले सार्वजनिक गरेको २०८० देखि २०८२ सम्मको जिल्लागत तथ्यांकअनुसार प्रदेशको समग्र उत्तीर्ण प्रतिशत लगातार बढ्दो क्रममा देखिएको हो ।

निर्देशनालयको तथ्यांकअनुसार कर्णाली प्रदेशको समग्र उत्तीर्ण प्रतिशत २०८० मा ४१.५३ प्रतिशत रहेकोमा २०८१ मा बढेर ५६.७८ प्रतिशत पुगेको थियो । चालु वर्ष २०८२ मा यो दर थप सुधार हुँदै ५९.०५ प्रतिशत पुगेको छ । यद्यपि यो राष्ट्रिय औसतभन्दा अझै कम रहेको देखिन्छ । राष्ट्रिय स्तरमा २०८२ को एसइई उत्तीर्ण प्रतिशत ६५.८५ रहेको छ ।

जिल्लागत तथ्यांकअनुसार यस वर्ष रुकुम पश्चिम कर्णालीकै उत्कृष्ट जिल्लाका रूपमा देखिएको छ । रुकुम पश्चिमको उत्तीर्ण प्रतिशत ७९.३४ पुगेको छ । अघिल्लो वर्ष ७४.९४ प्रतिशत रहेको जिल्लाले यस वर्ष थप सुधार गर्दै प्रदेशमै पहिलो स्थान हासिल गरेको हो ।

दोस्रो स्थानमा मुगु रहेको छ । मुगुको उत्तीर्ण प्रतिशत ७५.९० पुगेको छ । त्यस्तै कालिकोटमा ७३.१३ प्रतिशत, सल्यानमा ६८.५२ प्रतिशत र जुम्लामा ६८.१७ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । यी जिल्लाले राष्ट्रिय औसत नजिक पुग्ने गरी सुधार गरेका छन् ।

सुर्खेतको उत्तीर्ण प्रतिशत ५८.१९ रहेको छ । प्रदेश राजधानी रहेको सुर्खेतले अघिल्लो वर्षको तुलनामा सुधार गरे पनि अझै अपेक्षाअनुसार नतिजा ल्याउन सकेको छैन । डोल्पामा ५६.६९ प्रतिशत, हुम्लामा ४९.३७ प्रतिशत र जाजरकोटमा ४५.९१ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् ।

यस वर्ष सबैभन्दा कमजोर नतिजा दैलेखको देखिएको छ । दैलेखमा केवल ३१.८२ प्रतिशत विद्यार्थी मात्रै उत्तीर्ण भएका छन् । गत वर्ष दैलेखको उत्तीर्ण प्रतिशत २२.८९ रहेको थियो । केही सुधार भए पनि प्रदेशकै न्यून नतिजा दैलेखको रहेको तथ्यांकले देखाएको छ ।

तथ्यांकअनुसार केही जिल्लामा उल्लेखनीय प्रगति देखिए पनि कर्णालीका अधिकांश जिल्लामा अझै शैक्षिक चुनौती कायम रहेको देखिन्छ । विशेषगरी हिमाली तथा दुर्गम जिल्लामा शिक्षक अभाव, शैक्षिक पूर्वाधारको कमी, समयमै पाठ्यपुस्तक नपुग्ने समस्या तथा नियमित पठनपाठनमा हुने अवरोधले नतिजामा असर पर्ने गरेका छ ।

यद्यपि पछिल्ला वर्षहरूमा स्थानीय तह, विद्यालय र शिक्षा निकायले शैक्षिक सुधारका लागि विभिन्न कार्यक्रम सञ्चालन गरेपछि नतिजामा क्रमिक सुधार देखिन थालेको हो । विद्यालयमा नियमित अनुगमन, अतिरिक्त कक्षा सञ्चालन, शिक्षक व्यवस्थापन तथा विद्यार्थीको सिकाइ उपलब्धिमा केन्द्रित कार्यक्रमले सकारात्मक प्रभाव परेको शिक्षा शिक्षा विकास निर्देशनालय सुर्खेतले जनाएको छ ।

## बाँझो जमिनमा ओखर खेती



काँक्रेविहार संवाददाता
कालीकोट, ३० वैशाख

लामो समयदेखि प्रयोग विहीन र बाँझो अवस्थामा रहेको जमिन अहिले हरियालीले भरिन थालेपछि कालिकोटको पचालझरना गाउँपालिकाका कृषकहरूमा नयाँ आशा पलाएको छ ।

पचालझरना गाउँपालिका चारमा रहेको संघर्षशील महिला सहकारी कृषि संस्थाले सामूहिक पहलमार्फत एक हजार बुट्टा ओखर खेती सुरु गरेपछि स्थानीय स्तरमै कृषि क्रान्तिको संकेत देखिन थालेको हो ।

वर्षौंदेखि निगालदाउरा र पुरानो धारा आसपासको क्षेत्र झाडीले ढाकिएको तथा उपयोगविहीन अवस्थामा थियो ।

स्थानीयवासीले खेतीयोग्य सम्भावना कम भएको ठानेर बेवास्ता गर्दै आएको उक्त जमिन अहिले व्यवस्थित ओखर बगैंचामा रूपान्तरण भएको छ ।

महिलाहरूको सक्रिय सहभागिता र सहकारीको सामूहिक प्रयासले बाँझो जमिनलाई उत्पादनशील बनाएको भन्दै स्थानीय तहले समेत यसको प्रशंसा गरेको छ ।

ओखर खेतीको प्रगतिबारे जानकारी लिन गाउँपालिकाकी उपाध्यक्ष अल्किना बम स्थलगत अनुगमनमा पुगेकी थिइन् ।

अनुगमनका क्रममा उनले ओखर खेतीले स्थानीय कृषकहरूलाई दीर्घकालीन आम्दानीको स्रोत दिन सक्ने विश्वास व्यक्त गरिन् । उनले कृषि क्षेत्रलाई व्यवसायिकरणतर्फ लैजान यस्ता पहलहरू अत्यन्त महत्वपूर्ण रहेको उल्लेख गर्दै गाउँपालिकाले आवश्यक सहयोग र प्रोत्साहनलाई निरन्तरता दिने प्रतिबद्धता जनाइन् । उनले भनिन्, "वर्षौंदेखि बाँझो रहेको जमिनलाई उपयोग गर्दै महिलाहरूले सामूहिक रूपमा सुरु गरेको यो खेती उदाहरणीय छ । यदि यसलाई व्यवस्थित रूपमा विस्तार

बाँकी पृष्ठ २

## राउटे समुदायलाई स्वास्थ्य परीक्षण, पोषिलो खानेकुरा वितरण



काँक्रेविहार संवाददाता
सुर्खेत, ३० वैशाख

कर्णाली प्रदेश प्रहरी अस्पताल सुर्खेतले राउटे समुदायको बस्तीमै पुगेर स्वास्थ्य परीक्षण तथा पोषिलो खानेकुरा वितरण गरेको छ । समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत गुर्भाकोट नगरपालिका-१४ गोडाखोला क्षेत्रमा बसोबास गरिरहेको राउटे बस्तीमा स्वास्थ्य सेवा प्रदान गरिएको हो ।

प्रहरी अस्पतालका अनुसार ४० घरधुरीका एक सय ३२ जना राउटे सदस्य मध्ये ३३ पुरुष, १९ महिला र २५ बालबालिकाको स्वास्थ्य परीक्षण गरिएको छ ।

गर्मी बढेसँगै राउटे समुदायमा रुघाखोकी, पखाला लगायतका स्वास्थ्य समस्या देखिन थालेपछि स्वास्थ्य टोली बस्तीमै पुगेको हो ।

राउटे समुदाय हप्ता दिनअघि मात्रै गोडाखोलाको जंगल आसपासमा बसाइँ सरेको थियो । उनीहरूको परम्परा अनुसार कम्तीमा एक हप्ता देखि बढीमा चार महिना भित्र बसाइँ सर्ने चलन रहेको छ ।

कर्णाली प्रदेश प्रहरी अस्पतालका प्रमुख श्यामकृष्ण लौडारीका अनुसार स्वास्थ्य परीक्षणसँगै आवश्यक औषधि तथा पोषणयुक्त खानेकुरा वितरण गरिएको छ ।

प्रहरी निरीक्षक डा. सञ्जीव खड्कासहित छ सदस्यीय स्वास्थ्य टोली बस्तीमा खटिएको थियो । राउटे मुखिया प्रकाश शाहीले पहिले समुदायका सदस्यहरू उपचार प्रति विश्वास नगर्ने गरे पनि पछिल्ला वर्षहरूमा स्वास्थ्य सेवा लिन थालेको बताए । "प्रहरी डाक्टरबाट स्वास्थ्य जाँच र औषधि पायौं, बस्तीमा पखाला, खोकीलगायत समस्या देखिएका छन्," उनले भने ।

घुमन्ते जीवनशैली, पोषणयुक्त खानाको अभाव, सरसफाइको कठिनाइ तथा समयमै उपचार नपाउने अवस्था राउटे समुदायका प्रमुख स्वास्थ्य चुनौतीका रूपमा रहेका छन् ।

पछिल्ला वर्षहरूमा समुदायमा मदिरा सेवन बढ्दै जाँदा स्वास्थ्य समस्या थप जटिल बन्दै गएको सरोकारवालाहरूको भनाइ छ ।

विशेषगरी वृद्धहरूमा मदिराजन्य समस्या र शिशु मृत्युदर बढ्दो चुनौती बनेकाले राउटे समुदायको स्वास्थ्य सुरक्षामा दीर्घकालीन योजना आवश्यक रहेको स्वास्थ्यकर्मीहरूले बताएका छन् ।

## सम्पादकीय

# कामको गति र परिणाम देउ

राष्ट्रिय गौरवको भेरी-बबई बहुउद्देश्यीय आयोजनालाई अबको दुई वर्षभित्र सम्पन्न गर्ने सरकारको नयाँ घोषणा कर्णालीका लागि आशाको सन्देश हो । दशकौँदेखि प्रतिक्षामा रहेको यो आयोजना केवल सिँचाइ र विद्युत उत्पादनसँग मात्र सम्बन्धित छैन, यो कर्णालीको कृषि, अर्थतन्त्र र समग्र विकाससँग प्रत्यक्ष जोडिएको महत्त्वपूर्ण पूर्वाधार आयोजना हो । सरकारले आयोजनालाई प्राथमिकतामा राख्दै तीव्र गतिमा काम अघि बढाउने प्रतिबद्धता जनाएको छ । तर विगतका अनुभवले देखाउँछन्,नेपालमा ठूला आयोजना घोषणा गर्न सजिलो भए पनि समयमै सम्पन्न गर्नु सबैभन्दा कठिन चुनौती बन्ने गरेको छ ।

भेरी-बबई आयोजना आर्थिक वर्ष २०६८/६९ देखि निर्माण सुरु भएको हो । सुरुमा तोकिएको समयमै सम्पन्न हुन नसक्दा आयोजनाको अवधि पटक-पटक थपियो । प्रारम्भिक लागत १६ अर्ब रुपैयाँभन्दा केही बढी अनुमान गरिएकोमा अहिले लागत दोब्बरभन्दा बढी पुगिसकेको छ । यसले आयोजना व्यवस्थापन, योजना कार्यान्वयन र सरकारी संयन्त्रको कमजोरी स्पष्ट देखाउँछ । अहिले पनि आयोजनाको भौतिक प्रगति करिब ६५ प्रतिशतमा सीमित छ । यद्यपि, १२.२ किलोमिटर लामो सुरुङ निर्माण सम्पन्न हुनु ठूलो उपलब्धि हो । आधुनिक प्रविधिबाट निर्माण गरिएको उक्त सुरुङ नेपालकै महत्वपूर्ण पूर्वाधार उपलब्धिमध्ये एक मानिन्छ । तर सुरुङ बनेपछि मात्रै आयोजना सफल भएको मान्न सकिँदैन । बाँध, पावरहाउस, प्रसारण लाइन, उपकरण जडान र परीक्षणजस्ता महत्वपूर्ण काम अझै बाँकी छन् ।

सरकारले अब अतिरिक्त जनशक्ति परिचालन, दुई वा तीन सिफ्टमा काम सञ्चालन तथा स्रोत व्यवस्थापनको तयारी थालेको जनाएको छ । यो सकारात्मक संकेत हो । तर निर्माण आयोजनामा देखिने पुराना समस्या, ढिलासुस्ती, कमजोर समन्वय, प्रशासनिक जटिलता, ठेक्का व्यवस्थापनको कमजोरी र बजेट अभाव, समाधान नगरी लक्ष्य हासिल गर्न कठिन हुनेछ । नेपालमा धेरै राष्ट्रिय गौरवका आयोजना समयमै सम्पन्न नहुनुको मुख्य कारण पनि यही हो । त्यसैले अब सरकारले केवल नयाँ समयसीमा घोषणा गरेर होइन, प्रभावकारी अनुगमन र जिम्मेवार कार्यान्वयनमार्फत विश्वास दिलाउनुपर्छ ।

भेरी-बबई आयोजना सम्पन्न भए कर्णाली, बाँके र बर्दियाका हजारौँ किसान प्रत्यक्ष लाभान्वित हुनेछन् । ५१ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा विस्तार हुँदा कृषि उत्पादनमा ठूलो वृद्धि हुने अपेक्षा गरिएको छ । त्यस्तै, ४८.८ मेगावाट विद्युत उत्पादनले ऊर्जा क्षेत्रमा समेत योगदान पुऱ्याउनेछ । कर्णालीजस्तो सम्भावना भएर पनि पूर्वाधार अभावले पछाडि परेको क्षेत्रमा यस्तो आयोजना विकासको आधार बन्न सक्छ ।

तर यस्ता आयोजना सफल बनाउन राजनीतिक इच्छाशक्ति मात्रै पर्याप्त हुँदैन । पारदर्शिता, समयमै निर्णय, पर्याप्त बजेट, दक्ष व्यवस्थापन र निरन्तर अनुगमन अनिवार्य हुन्छ । भेरी-बबई अब फेरि पनि समय थप्ने अभ्यासको उदाहरण बन्नु हुँदैन । जनताले अब नयाँ घोषणा होइन, वास्तविक परिणाम चाहेका छन् । सरकारले पनि अब आफ्नो सफलता भाषणमा होइन, कामको गति र उपलब्धिमा प्रमाणित गर्नुपर्छ ।

# नीति तथा कार्यक्रम कस्तो ?
# सीमित स्रोतमा असीमित सपनाजस्तो



✍ शिरीषवल्लभ प्रधान

नेपाल सरकारद्वारा संघीय संसदमा २०८३ वैशाख २८ मा प्रस्तुत आर्थिक वर्ष २०८३/८४ को 'नीति तथा कार्यक्रम' महत्त्वाकांक्षी, प्रविधिमैत्री र संरचनात्मक सुधारतर्फ उन्मुख दस्तावेजका रूपमा आएको छ।

प्रधानमन्त्री नेतृत्वको सरकारले यसलाई 'नयाँ चरणको आर्थिक सुधार'को आधार दस्तावेजका रूपमा प्रस्तुत गरेको छ । यस कार्यक्रममा सुशासन, डिजिटल अर्थतन्त्र, ऊर्जा, कृषि, पूर्वाधार, शिक्षा, स्वास्थ्य र सार्वजनिक सेवा सुधारलाई प्राथमिकतामा राखिएको छ।

**समृद्ध नेपालको खाका**

विकास नीति, सार्वजनिक प्रशासन र संघीय शासन प्रणालीबारे दीर्घ अध्ययन तथा अनुभव राख्ने शिक्षाविद्को विश्लेषणमा यो नीति तथा कार्यक्रमले नेपाललाई मध्यम आययुक्त राष्ट्रतर्फ लैजाने दीर्घकालीन आकांक्षा व्यक्त गरेको देखिन्छ । तर, नेपालको प्रशासनिक क्षमता, वित्तीय अनुशासन, संघीय समन्वय र कार्यान्वयन संस्कृतिको यथार्थलाई विचार गर्दा यसमा उल्लेखित कतिपय लक्ष्य अत्यधिक महत्त्वाकांक्षी देखिन्छन् । नीति निर्माण र कार्यक्रम कार्यान्वयनबीचको ऐतिहासिक दूरीलाई सम्बोधन नगरी केवल घोषणामुखी दस्तावेजले अपेक्षित परिणाम दिन सक्दैन।

सरकारले आगामी दशकमा औसत ७ प्रतिशत आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य राख्दै 'नयाँ चरणको आर्थिक सुधार' अगाडि बढाउने घोषणा गरेको छ । यसले नेपालमा लगानी वातावरण सुधार, नीतिगत स्थिरता र संस्थागत पुनर्संरचनाको आवश्यकता स्वीकार गरेको देखिन्छ । विशेषतः 'लगानी एक्सप्रेस' नीति, तीन दिनभित्र व्यवसाय दर्तादेखि निर्माण अनुमति दिने व्यवस्था, विदेशी लगानी सहजताजस्ता केही महत्वपूर्ण विषयहरू देखिन्छन् ।

**डिजिटल नेपालदेखि हरित अर्थतन्त्रसम्म**

डिजिटल प्रशासनको अवधारणाले निजीक्षेत्रलाई केही आशा दिएको छ । त्यसैगरी, सूचना प्रविधि, एआई कम्प्युटेसन, क्लाउड सेवा, साइबर सुरक्षा र डिजिटल पार्क निर्माणलाई राष्ट्रिय रणनीतिक उद्योगको रूपमा घोषणा गर्नु सकारात्मक पक्ष हो ।

विश्व अर्थतन्त्र डिजिटलतर्फ उन्मुख भइरहेको वर्तमान सन्दर्भमा नेपालले युवा जनशक्तिलाई प्रविधि अर्थतन्त्रमा रूपान्तरण गर्न सक्ने सम्भावना यस कार्यक्रममा देखिन्छ । विशेषतः 'रिमोट वर्क नीति', डिजिटल सीप पासपोर्ट र अन्तर्राष्ट्रिय पेमेन्ट गेटवेलाई कानुनी मान्यता दिने प्रस्तावले वैदेशिक रोजगारीको परम्परागत मोडेललाई ज्ञान र सेवामुखी अर्थतन्त्रमा बदल्ने संकेत नीति तथा कार्यक्रमले दिएको छ ।

कृषि क्षेत्रलाई पनि कार्यक्रमले प्राथमिकता दिएको छ । प्याकेजमा आधारित उत्पादन प्रणाली, न्यूनतम समर्थन मूल्य, भूमि बैंक, कृषि यन्त्रीकरण तथा कृषि उत्पादनलाई उद्योग र बजारसँग जोड्ने अवधारणाले कृषि क्षेत्रको संरचनात्मक रूपान्तरणतर्फ संकेत गरेको छ । नेपालमा कृषि उत्पादन र बजारबीचको असन्तुलन, भण्डारण अभाव र लागत वृद्धिको समस्यालाई सम्बोधन गर्ने प्रयास कार्यक्रमभित्र देखिन्छ । ऊर्जा, पर्यटन क्षेत्र लगानीको अवसरः ऊर्जा क्षेत्रमा सरकारले आगामी दशकमा ३० हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य अघि सारेको छ । हरित हाइड्रोजन, हरित अमोनिया, ऊर्जा व्यापार तथा निजीक्षेत्रको सहभागितालाई जोड दिनु नेपाललाई क्षेत्रीय ऊर्जा केन्द्र बनाउने रणनीतिक सोचको परिचायक हो ।

त्यसैगरी, पर्यटनतर्फ 'देवभूमि नेपाल' अभियान, होमस्टे विस्तार, धार्मिक पर्यटन र साहसिक पर्यटन प्रवर्द्धनले स्थानीय अर्थतन्त्रलाई गतिशील बनाउन सक्छ ।

डिजिटल रूपान्तरण र शैक्षिक पूर्वाधार सुदृढीकरणः शिक्षा क्षेत्रसम्बन्धी कार्यक्रम पनि अपेक्षाकृत महत्त्वाकांक्षी देखिन्छ । सरकारले माध्यमिक तहसम्म निःशुल्क शिक्षा सुनिश्चित गर्ने, डिजिटल शिक्षण प्रणाली विस्तार गर्ने, विश्वविद्यालयको शैक्षिक तथा प्रशासनिक पुनर्संरचना गर्ने तथा १० हजार सामुदायिक विद्यालयमा उच्च गतिको इन्टरनेट र एआईमा आधारित सिकाइ प्रणाली विस्तार गर्ने घोषणा गरेको छ ।

यसले नेपालको शिक्षा प्रणालीलाई प्रविधिमैत्री र श्रम बजारसँग जोड्ने संकेत गर्छ । विशेष गरी सीमान्तकृत समुदाय, दलित, आदिवासी जनजाति र अपांगता भएका बालबालिकाको शिक्षामा पहुँच विस्तार गर्ने नीति सामाजिक न्यायका दृष्टिले सकारात्मक देखिन्छ ।

तर, शिक्षा क्षेत्रमै सबैभन्दा ठूलो चुनौती कार्यान्वयन र गुणस्तर सुधार हो । नेपालमा विद्यालय पहुँचभन्दा सिकाइ उपलब्धि कमजोर हुनु मुख्य समस्या हो । शिक्षक व्यवस्थापन, पाठ्यक्रमको व्यावहारिकता, विश्वविद्यालयको राजनीतिकरण र प्राविधिक शिक्षाको कमजोर अवस्था अझै समाधान हुन सकेको छैन ।

कार्यक्रममा डिजिटल शिक्षा र एआई सिकाइको कुरा गरिए पनि ग्रामीण क्षेत्रमा इन्टरनेट, उपकरण र दक्ष जनशक्तिको अभावलाई कसरी सम्बोधन गरिन्छ भन्ने स्पष्ट छैन । केवल प्रविधिको घोषणा गरेर शिक्षा सुधार सम्भव हुँदैन; त्यसका लागि संस्थागत सुधार र गुणस्तरीय शैक्षिक वातावरण आवश्यक हुन्छ ।

स्वास्थ्य क्षेत्रतर्फ आधारभूत स्वास्थ्य सेवामा न्यूनतम मापदण्ड : स्वास्थ्य क्षेत्रतर्फ सरकारले आधारभूत स्वास्थ्य सेवामा न्यूनतम मापदण्ड लागू गर्ने, स्वास्थ्य बीमा पुनर्संरचना गर्ने, टेलिहेल्थ सेवा विस्तार गर्ने तथा 'सेन्टर फर डिजिज कन्ट्रोल' स्थापना गर्ने घोषणा गरेको छ ।

समग्रमा हेर्दा यो नीति तथा कार्यक्रम नेपाललाई रूपान्तरण गर्ने सम्भावना बोकेको दस्तावेज अवश्य हो । यसले डिजिटल अर्थतन्त्र, हरित ऊर्जा, कृषि आधुनिकीकरण, शिक्षा सुधार र स्वास्थ्य प्रणाली सुदृढीकरणतर्फ सकारात्मक संकेत दिएको छ । तर, यसको सफलता 'नीति'मा होइन, 'कार्यान्वयन संस्कृतिमा' निर्भर रहनेछ ।

महामारीपछिको सन्दर्भमा रोग निगरानी, जैविक अनुसन्धान र मानसिक स्वास्थ्यलाई प्राथमिकता दिनु दूरदर्शी सोच हो । विशेष गरी मानसिक स्वास्थ्यलाई सार्वजनिक स्वास्थ्यको अभिन्न अंगका रूपमा स्वीकार गर्नु सकारात्मक परिवर्तन हो ।

त्यसैगरी आयुर्वेद, प्राकृतिक उपचार, अपांगता पुनर्स्थापना सेवा तथा सामुदायिक स्वास्थ्य स्वयंसेवक प्रणाली सुदृढ गर्ने कार्यक्रमले स्वास्थ्य पहुँच विस्तारमा योगदान पुऱ्याउन सक्छ । नेपालमा स्वास्थ्य पूर्वाधार असमान छ, चिकित्सक तथा स्वास्थ्यकर्मीको अभाव छ र स्वास्थ्य बीमा कार्यक्रम आफैँ संकटग्रस्त अवस्थामा छ । कार्यक्रममा स्वास्थ्य बीमाको पुनर्संरचना भनिए पनि यसको वित्तीय दिगोपनबारे स्पष्ट खाका प्रस्तुत गरिएको छैन । ग्रामीण र दुर्गम क्षेत्रमा स्वास्थ्य सेवा विस्तारका लागि आवश्यक जनशक्ति, उपकरण र बजेट व्यवस्थापन कसरी हुन्छ भन्ने प्रश्न अझै बाँकी छ ।

# छोटी भन्सार कार्यालय पुनःस्थापना गर्न माग

❑ **कााँक्रेविहार संवाददाता**
नेपालगन्ज, ३० वैशाख

बाँकेका उद्योगी-व्यवसायीहरूले जिल्लामा विगतमा सञ्चालनमा रहेका सबै छोटी भन्सार कार्यालय पुनःस्थापना गर्न माग गरेका छन् ।

सरकारले हाल नरैनापुर छोटी भन्सार मात्रै पुनः सञ्चालन गर्ने निर्णय गरेपछि व्यवसायीहरूले त्यसप्रति असन्तुष्टि जनाएका हुन् ।

द्वन्द्वकाल अघि बाँकेको कटकुइयाँ, नरैनापुर, भगवानपुर, खडैचा-होलिया, भगोटना, साइगाउँ र उढरापुर क्षेत्रमा छोटी भन्सार कार्यालय सञ्चालनमा रहेका थिए ।

व्यवसायीहरूका अनुसार ती कार्यालय बन्द भएपछि सीमावर्ती क्षेत्रमा अवैध आयात-निर्यात र तस्करी बढ्दै गएको छ ।

नेपालगन्ज उद्योग वाणिज्य सङ्घका




पूर्वअध्यक्ष कृष्णप्रसाद श्रेष्ठले एउटा मात्रै छोटी भन्सारले तस्करी नियन्त्रण गर्न नसक्ने बताउँदै सबै पुराना नाकामा भन्सार पुनः सञ्चालन गर्नुपर्ने माग गरे ।

उनले राजस्व सङ्कलन वृद्धि गर्न र चोरी पैठारी रोक्न बहुविध नाकामा निगरानी आवश्यक रहेको बताए ।

सङ्घका अर्का पूर्वअध्यक्ष अब्दुल वाहिद मन्सुरीले मुख्य नाकामा कडाइ गर्दा अन्य खुला नाकाबाट अवैध कारोबार बढ्ने सम्भावना रहने भएकाले थप छोटी भन्सार आवश्यक रहेको धारणा राखे ।

नेपालगन्ज उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष चिरञ्जीवी ओलीले नरैनापुर छोटी भन्सार पुनः सञ्चालन सकारात्मक भए पनि यसले मात्रै राजस्व चुहावट रोक्न पर्याप्त नहुने बताए ।

यता नेपालगन्ज भन्सार कार्यालयका प्रमुख जनार्दन पौडेलले नरैनापुर छोटी भन्सार सञ्चालनका लागि पूर्वाधार निर्माण तथा कर्मचारी व्यवस्थापनको काम भइरहेको जानकारी दिए ।

भारतसँग बाँकेको ६५ किलोमिटर खुला सीमा रहेको छ । स्थानीय तहका जनप्रतिनिधिहरूले पनि सीमावर्ती क्षेत्रमा अवैध आयात-निर्यात नियन्त्रण गर्न थप छोटी भन्सार आवश्यक रहेको बताएका छन् ।

### बाँफो...

गर्न सकियो भने यसले वडा मात्र होइन, समग्र गाउँपालिकाको आर्थिक विकासमा उल्लेखनीय योगदान पुऱ्याउनेछ ।"

स्थानीय महिलाहरूले सुरु गरेको यो अभियानले गाउँमा कृषि प्रतिको आकर्षण पनि बढाएको छ । सुरुमा धेरैले ओखर खेती सफल हुन्छ भन्नेमा शंका व्यक्त गरेका थिए । तर अहिले बिरुवाहरू राम्रोसँग हुर्किन थालेपछि स्थानीयवासीहरू उत्साहित बनेका छन् ।

वडा सदस्य होइजाली सेजुवालका अनुसार सुरुवाती चरणमा पर्याप्त विश्वास नभए पनि अहिले देखिएको प्रगतिले सबैलाई आशावादी बनाएको छ । पहिले यस्तो जमिनमा ओखर खेती सम्भव हुन्छ भन्ने धेरैलाई लागेको थिएन । तर अहिले बिरुवाहरू राम्रोसँग बढिरहेको देख्दा स्थानीयहरूमा उत्साह थपिएको छ,उनले बताइन् । ओखर खेती दीर्घकालीन तथा आम्दानीमुखी खेतीका रूपमा चिनिन्छ । पहाडी जिल्लाको हावापानी ओखर उत्पादनका लागि उपयुक्त मानिने भएकाले यसले भविष्यमा स्थानीय कृषकलाई आर्थिक रूपमा बलियो बनाउन सक्ने अपेक्षा गरिएको छ । कृषि विज्ञहरूका अनुसार उचित संरक्षण, सिँचाइ र व्यवस्थापन गर्न सके केही वर्षमै राम्रो उत्पादन लिन सकिन्छ ।

अनुगमन टोलीमा जिल्ला कृषि कार्यालय प्रमुख चन्द्रबहादुर शाही, बाली संरक्षण अधिकृत दिवाकर पन्त तथा इन्जिनियर बिरेन्द्र अधिकारीलगायतको सहभागिता रहेको थियो । टोलीले खेतीको अवस्था, बिरुवाको वृद्धि तथा आवश्यक प्राविधिक सहयोगबारे कृषकहरूसँग छलफल समेत गरेको थियो । स्थानीय सरकार, कृषि प्राविधिक र महिला सहकारीबीचको सहकार्यले पचालफरनामा सुरु भएको यो अभियान अहिले उदाहरणीय बन्न थालेको छ ।

बाँफो जमिनलाई उत्पादनशील बनाउँदै ग्रामीण क्षेत्रमा रोजगारी र आयआर्जनको नयाँ सम्भावना सिर्जना गर्ने दिशामा यो पहल महत्वपूर्ण कदमका रूपमा हेरिएको छ ।

# युवाद्वारा “पुराना झण्डा परिवर्तन अभियान”




❒ कांक्रेविहार संवाददाता
वीरेन्द्रनगर, ३० वैशाख
समाजमा सकारात्मक सोच, राष्ट्रिय एकता र नागरिक सचेतना फैलाउने उद्देश्यले युवाहरूले “पुराना झण्डा परिवर्तन अभियान” सुरु गरेका छन्।

वीरेन्द्रनगर स्थित सार्वजनिक स्थल, चोक, सरकारी कार्यालय आसपास तथा विभिन्न संस्थामा राखिएका जीर्ण, च्यातिएका र फिक्का बनेका राष्ट्रिय झण्डाहरू हटाएर नयाँ झण्डा राख्ने अभियानले राम्रो भन्दै स्थानीयले प्रशंसा गरेका छन्।

अभियानको नेतृत्व गरिरहेका युवा अभियन्ता टुमन शाहीका अनुसार राष्ट्रिय झण्डा देशको पहिचान, स्वाभिमान र राष्ट्रिय एकताको प्रतीक भएकाले यसको सम्मान गर्नु प्रत्येक नागरिकको दायित्व हो।

उनले समाजमा जिम्मेवारीबोध र सकारात्मक परिवर्तनको सन्देश फैलाउने उद्देश्यले अभियान सुरु गरिएको बताए।

“धेरै ठाउँमा राष्ट्रिय झण्डा च्यातिएको, पुरानो भएको वा अव्यवस्थित अवस्थामा राखिएको देखिन्थ्यो,” शाहीले भने “त्यस्ता झण्डाले सम्मान भन्दा बेवास्ताको सन्देश दिन्छन्। त्यसैले युवाहरू मिलेर पुराना झण्डा परिवर्तन गर्ने अभियान थालेका हौँ।”

यस अभियानमा सामाजिक क्षेत्रमा सक्रिय युवाहरू टुमन शाही, भुपेन्द्र खनाल, नमराज शाही, अमृत आले मगर, गणेश उपाध्याय र वीरबहादुर शाहीलगायतको टोली सहभागी रहेको छ।

टोलीले विभिन्न सार्वजनिक स्थानमा पुगेर पुराना झण्डा हटाउने र नयाँ झण्डा राख्ने कार्य सुरु गरिसकेको जनाएको छ।

अभियानमा सहभागी युवा भुपेन्द्र खनालले परिवर्तनको सुरुवात युवाबाट हुनुपर्ने बताउँदै समाजमा सकारात्मक ऊर्जा फैलाउने उद्देश्यले अभियान सञ्चालन गरिएको बताए।

“हामीले सानो कामबाट ठूलो सन्देश दिन खोजेका छौँ,” उनले भने, “राष्ट्रिय झण्डाको सम्मानसँगै समाजमा जिम्मेवार नागरिक बन्ने चेतना फैलाउनु अभियानको मुख्य उद्देश्य रहेको बताएका छन्।

स्थानीय बासिले सार्वजनिक सम्पत्ति, राष्ट्रिय प्रतीक र सामाजिक जिम्मेवारीप्रति युवाहरूको सक्रियता बढ्नु राम्रो संकेत भएको भन्दै अभियानको प्रशंसा गरेका छन्।

अभियान कर्ताहरूले राष्ट्रिय झण्डाको सम्मान केवल औपचारिकता नभई राष्ट्रिय चेतना र नागरिक संस्कारसँग जोडिएको विषय भएको बताएका छन्। उनीहरूका अनुसार समाजमा सचेतना, अनुशासन र जिम्मेवारीको भावना विकास गर्न यस्ता अभियानले महत्वपूर्ण भूमिका खेल्न सक्छन्।

वीरेन्द्रनगरबाट सुरु भएको यो अभियानलाई आगामी दिनमा जिल्लाका अन्य स्थानीय तहसम्म विस्तार गर्ने तयारीसमेत गरिएको छ।

युवाहरूले सामाजिक रूपान्तरणका लागि सबै नागरिकलाई आफ्नो ठाउँबाट सकारात्मक भूमिका निर्वाह गर्न आग्रह गरेका छन्।

# रारा ट्रेल रनको उपाधि दुई जनालाई

❒ कांक्रेविहार संवाददाता
मुगु, ३० वैशाख
नेपालको प्रसिद्ध पर्यटकीय गन्तव्य रारा तालमा आयोजित छैटौं संस्करणको रारा ट्रेल रन प्रतियोगिताको उपाधि जुम्लाका धावक दलबहादुर कुँवर र धाविका सुनमाया बुढाले जित्न सफल भएका छन्।




नेपाली सेनाको आयोजनामा सम्पन्न प्रतियोगिताले यस वर्ष पनि खेल पर्यटन प्रवर्द्धनसँगै कर्णालीको प्राकृतिक सौन्दर्यलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा चिनाउने प्रयासलाई निरन्तरता दिएको छ।

पुरुषतर्फ जुम्ला तातोपानी गाउँपालिका सातका दलबहादुर कुँवरले उत्कृष्ट प्रदर्शन गर्दै उपाधि हात पारे। उनले १६ किलोमिटर दूरी एक घण्टा पाँच मिनेटमा पूरा गर्दै तिन सय ६० प्रतिस्पर्धीलाई पछि पारेका हुन्।

जुम्ला कनकासुन्दरी गाउँपालिका तिन का युवकराज बुढा एक घण्टा सात मिनेटमा दूरी पार गर्दै दोस्रो स्थानमा रहे भने मुगुको छायाँनाथ रारा नगरपालिका १४ का अक्कल बढुवालले एक घण्टा १२ मिनेट ४४ सेकेन्डमा दौड पूरा गरी तेस्रो स्थान हासिल गरे।

महिलातर्फ जुम्ला पातारासी गाउँपालिका दुईकी सुनमाया बुढाले १६ किलोमिटर दूरी एक घण्टा २३ मिनेट १८ सेकेन्डमा पार गर्दै प्रथम स्थान हासिल गरिन्। उनले ४५ जना प्रतिस्पर्धीलाई पछि पार्दै उपाधि जितेकी हुन्।

सोही गाउँपालिकाकी राममाया बुढा एक घण्टा १५ मिनेट ३५ सेकेन्डमा दोस्रो भइन् भने डोल्पाको भेरी नगरपालिका पाँचकी सुनसरी रोकायाले एक घण्टा १७ मिनेट ४६ सेकेन्डमा दौड पूरा गर्दै तेस्रो स्थान सुरक्षित गरिन्।

नेपाली सेना हनुमानध्वज गुल्मको आयोजनामा बुधबार सम्पन्न प्रतियोगितामा महिलातर्फ ४६ र पुरुषतर्फ तिन सय ६१ गरी कुल चार सय सात खेलाडी सहभागी भएका थिए।

प्रतियोगिता रारा ताल आसपासको कठिन तथा रमणीय भूभागमा सञ्चालन गरिएको थियो, जसले खेलाडीहरूलाई चुनौतीपूर्ण अनुभव प्रदान गरेको आयोजकले जनाएको छ।

प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने महिला तथा पुरुष खेलाडीलाई क्रमशः ५० हजार, ३० हजार र २० हजार रुपैयाँ नगदसहित प्रमाणपत्र तथा ट्रफी प्रदान गरिएको थियो।

विजेता खेलाडीहरूलाई मुगुका प्रमुख जिल्ला अधिकारी खडानन्द खत्री, नेपाली सेना उत्तरपश्चिम पृतनाका उपरथी अनुपजङ्ग थापा तथा हनुमानध्वज गुल्मका गुल्मपति खड्कबहादुर श्रेष्ठलगायतले पुरस्कार वितरण गरेका थिए।

रारा ट्रेल रन केवल खेल प्रतियोगिता मात्र नभई कर्णाली प्रदेशको पर्यटन प्रवर्द्धनसँग जोडिएको महत्वपूर्ण कार्यक्रमका रूपमा स्थापित हुँदै गएको छ।

राराको प्राकृतिक सुन्दरता, हिमाली वातावरण र चुनौतीपूर्ण भूगोलले आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्ने भएकाले खेल पर्यटनको माध्यमबाट यस क्षेत्रलाई थप चिनाउने उद्देश्यले नेपाली सेनाले हरेक वर्ष प्रतियोगिता आयोजना गर्दै आएको जनाएको छ।

हनुमानध्वज गुल्मका गुल्मपति खड्कबहादुर श्रेष्ठका अनुसार रारा ट्रेल रनले कर्णाली केवल प्राकृतिक सम्पदाले भरिएको क्षेत्र मात्र नभई खेलकुदका लागि पनि सम्भावनायुक्त भूमि भएको सन्देश फैलाइरहेको छ।

“राराको पर्यटन प्रवर्द्धनसँगै नयाँ खेलाडी उत्पादन गर्ने उद्देश्यले नेपाली सेनाले हरेक वर्ष यो प्रतियोगिता आयोजना गर्दै आएको छ,” उनले बताए।

स्थानीय स्तरमा खेलकुद गतिविधि बढाउन, युवाहरूलाई खेलतर्फ आकर्षित गर्न तथा कर्णालीको पर्यटनलाई राष्ट्रिय स्तरमा प्रचार गर्न रारा ट्रेल रन प्रभावकारी बन्दै गएको आयोजकहरूको भनाइ छ।

# अवैध चिनियाँ मदिरा नष्ट

❒ कांक्रेविहार संवाददाता
हुम्ला, ३० वैशाख
जिल्लाका विभिन्न स्थानबाट बरामद गरिएको ठूलो परिमाणको अवैध चिनियाँ मदिरा प्रहरीले नष्ट गरेको छ। जिल्ला प्रहरी कार्यालय हुम्ला र मातहतका प्रहरी चौकीहरूले बरामद गरेको उक्त मदिरा लामो समयसम्म कानुनी प्रक्रियामा रहेपछि अन्ततः सरोकारवाला निकायहरूको उपस्थितिमा नष्ट गरिएको हो।



जिल्ला प्रहरी कार्यालय हुम्लाका प्रहरी नायब उपरीक्षक शंकर खड्काका अनुसार करिब २२ लाख ८८ हजार रुपैयाँ बराबरको चिनियाँ मदिरा जिल्ला प्रहरी कार्यालयको परिसरमै नष्ट गरिएको हो।

अवैध रूपमा नेपाल भित्रिएको मदिरा बेवारिसे अवस्थामा फेला परेपछि प्रहरीले नियन्त्रणमा लिएको थियो। प्रहरीका अनुसार गत वर्ष कात्तिक ११ गते नाम्खा गाउँपालिका दुई स्थित ढाँडकेर्मी क्षेत्रबाट तिन सय ५१ कार्टुन चिनियाँ मदिरा बरामद गरिएको थियो।

त्यसको केही दिनपछि कात्तिक २२ गते जिल्लाका अन्य विभिन्न स्थानबाट थप २७ कार्टुन मदिरा फेला परेको थियो। यसरी दुई चरणमा गरी कुल तिन सय ७८ कार्टुन मदिरा बरामद भएको प्रहरीले जनाएको छ।

एक कार्टुनमा १२ बोतल मदिरा रहने भएकाले कुल ४ हजार पाँच सय ३६ बोतल मदिरा बरामद गरिएको थियो। प्रहरीका अनुसार एक बोतलको बजार मूल्य करिब पाँच सय रुपैयाँ पर्ने र ती मदिरा अवैध रूपमा जिल्लाभित्र बिक्री-वितरण हुँदै आएको आशंका गरिएको छ।

बरामद मदिरा लामो समयसम्म जिल्ला प्रहरी कार्यालयको परिसरमा सुरक्षित राखिएको थियो। कानुनी प्रक्रिया पूरा गर्न तथा सम्बन्धित व्यक्तिको पहिचान गर्न समय लागेकाले मदिरा नष्ट गर्न ढिलाइ भएको प्रहरीको भनाइ छ।

प्रहरीले मदिराका वास्तविक धनीको खोजीका लागि विभिन्न प्रयास गरे पनि हालसम्म कोही पनि सम्पर्कमा नआएको जनाएको छ।

हुम्लाको उत्तरी नाका हुँदै अवैध रूपमा चिनियाँ सामान तथा मदिरा भित्रिने क्रम विगतदेखि नै चुनौतीका रूपमा रहँदै आएको छ।

विशेषगरी नाम्खा गाउँपालिकाको हिल्सा नाका र चर्ँली गाउँपालिका-पाँचको टाँके नाकाबाट प्रत्येक वर्ष यस्ता मदिरा बरामद हुने गरेको प्रहरी स्रोतले जनाएको छ।

यस वर्ष भने हिल्सा नाकाबाट अवैध मदिरा नेपाल भित्रिन नदिन नेपाल र चिनियाँ सुरक्षा निकायबीच समन्वय तथा सहकार्य बढाइएको बताइएको छ। सीमा क्षेत्रमा निगरानी कडा बनाउने र अवैध गतिविधि नियन्त्रण गर्ने विषयमा दुवै देशका सुरक्षा निकायबीच सहमति भएको जनाइएको छ। मदिरा नष्ट गर्ने कार्यक्रममा सहायक प्रमुख जिल्ला अधिकारी राजेन्द्र चन्द, अनुसन्धान प्रमुख मेघराज कँडेल, कोष तथा लेखा नियन्त्रण कार्यालय प्रमुख अंगबहादुर कार्कीलगायत विभिन्न सरकारी निकायका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो।

प्रहरीले जिल्लामा अवैध कारोबार नियन्त्रणका लागि निगरानी अझ कडा बनाइने जनाएको छ। साथै, सीमावर्ती क्षेत्र हुँदै हुने अवैध आयात तथा बिक्री-वितरण रोक्न स्थानीयवासीलाई समेत सचेत र जिम्मेवार बन्न आग्रह गरिएको छ।

# टेलिफोन सेवा अवरुद्ध, प्रशासनिक काम ठप्प

❒ कांक्रेविहार संवाददाता
जुम्ला, ३० वैशाख
जिल्लाको हिमा गाउँपालिकामा करिब छ महिनादेखि टेलिफोन सेवा प्रभावकारी नहुँदा गाउँपालिका कार्यालयको कामकाज तथा स्थानीय जनजीवन प्रभावित भएको छ।



कस्तुरी भिडमा जडान गरिएको नेपाल टेलिकमको टावरले काम नगरेपछि गाउँपालिका केन्द्र जुगाडसहित आसपासका बस्तीहरू टेलिफोन सेवाबाट वञ्चित भएका हुन्।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत जालान्दर भुसालले सिम्नल नआउँदा ओटीपी कोडसमेत नआउने समस्या रहेको बताए।

स्थानीयका अनुसार बाजागाडा, बुढा, चिउडी, मर्ची, बड्की लगायतका बस्तीमा फोन सेवा ठप्पजस्तै भएको छ। नेपाल टेलिकम जुम्लाका प्रमुख पारस पुजाराले समस्या समाधानका लागि केन्द्रमा जानकारी गराइएको र पुनः पहल गरिने बताए।

हाल फोरजी सहितको टावर सञ्चालनमा रहे पनि प्रभावकारी सेवा नदिँदा आर्थिक वर्षको अन्तिम समयमा गाउँपालिका तथा वडा कार्यालयको काम प्रभावित भएको छ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

# कर्णालीका सबै पालिकामा स्काउट विस्तार गरिने




❐ कांक्रेविहार संवाददाता
सुर्खेत, ३० वैशाख

कर्णाली प्रदेश सरकारले आगामी एक वर्षभित्र प्रदेशका सबै पालिकामा नेपाल स्काउटको संरचना विस्तार गर्ने योजना अघि सारेको छ।

वीरेन्द्रनगरमा आयोजित 'शान्ति र सुरक्षा' विषयक प्रदेशस्तरीय कार्यक्रममा सामाजिक विकास मन्त्री घनश्याम भण्डारीले स्काउटलाई विद्यालयस्तरसम्म विस्तार गरेर विद्यार्थीलाई उत्पादनमुखी र स्वयम्सेवी गतिविधिसँग जोड्ने तयारी भइरहेको बताए।

मन्त्री भण्डारीले बालविवाह, जातीय विभेद, छुवाछुत र लैङ्गिक हिंसाजस्ता सामाजिक विकृति न्यूनीकरणमा स्काउटले महत्त्वपूर्ण भूमिका खेल्न सक्ने विश्वास व्यक्त गरे।

उनले विगतमा स्काउट गतिविधिमा पर्याप्त ध्यान पुग्न नसकेको स्वीकार गर्दै अब सरकारबाट उच्च प्राथमिकता दिइने प्रतिबद्धता जनाए।

कर्णाली प्रदेश प्रमुख आयुक्त कमल बोहराले 'एक घर, एक स्काउट' अभियान सञ्चालनमा बजेट र स्रोतको अभाव रहेको बताउँदै सरकारी सहयोग आवश्यक रहेको उल्लेख गरे।

स्काउट लिडर प्रतिमा सिल्वालले पनि स्काउटले लागुपदार्थ दुर्व्यसन नियन्त्रण र सामाजिक जागरणमा योगदान दिइरहेको भन्दै संस्थागत विकासका लागि सरकारको साथ आवश्यक रहेको बताए।

फिनल्याण्ड-नेपाल साझेदारी परियोजना अन्तर्गत आयोजित कार्यक्रममा कर्णालीका आठ जिल्लाका ६० जना स्काउट मास्टर तथा प्रशिक्षार्थी सहभागी छन्। कार्यक्रममा प्रशिक्षक क्धय कृति भट्टराई र सोनु भण्डारीले स्काउटिङ सम्बन्धी प्रशिक्षण दिइरहेकी छन्।

# ५ जनाविरुद्ध भ्रष्टाचार मुद्दा

❐ कांक्रेविहार संवाददाता
वीरेन्द्रनगर, ३० वैशाख

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सुर्खेत उपत्यका नगर विकास समिति का तत्कालीन सदस्य सचिवहरू टीकाराम ढकाल, नरहरि तिवारी, गेहेन्द्रबहादुर डाँगीसहित पाँच जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ। आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार राजस्व चुहावट गरी भ्रष्टाचार गरेको आरोपमा बुधबार विशेष अदालतमा मुद्दा दायर गरिएको हो। आयोगले नगर विकास समितिका तत्कालीन लेखा अधिकृत हरिबहादुर क्षत्रीकी श्रीमती सीमाकुमारी चन्द (क्षत्री) र सह-लेखापाल पदमा कार्यरत खड्कबहादुर रानालाई पनि प्रतिवादी बनाएको छ। राजस्व रकम समितिको खातामा जम्मा नगरी दुरुपयोग गरेको पुष्टि भएपछि उनीहरूविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरिएको आयोगले जनाएको छ।

प्रवक्ता न्यौपानेका अनुसार सटर कबल तथा जग्गा भाडाबापत उठेको आम्दानी बैंकमा दाखिला नगरी हिनामिना गरिएको भन्दै आयोगमा उजुरी परेको थियो। अनुसन्धानका क्रममा उठेको राजस्व रकम समितिको खातामा जम्मा नगरी दुरुपयोग गरेको पुष्टि भएपछि उनीहरूविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरिएको आयोगले जनाएको छ। आयोगले टीकाराम ढकालविरुद्ध ६४ लाख २८ हजार ४३७ रुपैयाँ, नरहरि तिवारीविरुद्ध १ करोड ४ लाख ७१ हजार ९४२ रुपैयाँ, गेहेन्द्रबहादुर डाँगीविरुद्ध ७२ लाख ७८ हजार ११० रुपैयाँ बिगो कायम गरेको छ। त्यस्तै सीमाकुमारी चन्दविरुद्ध २ करोड ९० लाख ९६ हजार ४४१ रुपैयाँ तथा खड्कबहादुर रानाविरुद्ध २ करोड ९४ लाख ८७ हजार ६८१ रुपैयाँ बिगो कायम गरी कैद र जरिवानाको मागदाबी गरिएको आयोगले जनाएको छ। तत्कालीन लेखा अधिकृत हरिबहादुर क्षत्रीको मृत्यु भइसकेकाले उनकी श्रीमती सीमाकुमारी चन्दलाई प्रतिवादी बनाइएको आयोगले उल्लेख गरेको छ।


## घर घरमा हुलाक, मन मनमा हुलाक

छिटोछरितो, सस्तो, भरपर्दो र विश्वसनीय द्रुत हवाई डाँकसेवा (Air Ems) प्रयोग गरी चिठीपत्र, कागजात र सामानहरू स्वदेश तथा विदेशमा आदान-प्रदान गरौं।

**हुलाक निर्देशनालय, सुर्खेत**

सम्पर्क: ०८३-५२०२३४/०८३५२०१७५


## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०१/३१**

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री सहित बहादुर थारू** धनी रहेको, **दर्ता नम्बर ५९१७** बाट **वीरेन्द्रनगर-६, सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **शशि मिठाई पसल** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

## खानेपानी तथा ढल व्यबस्थापन कार्यालय सुर्खेतको सूचना !

पानी हाम्रो जीवनमा नभइ नहुने अमुल्य बस्तु हो। त्यसैले हामी सबैले स्वच्छ पानी प्रयोग गरौं। पानीको श्रोत सधै सफा राखौं। गाइबस्तुलाई कुवा, मुल वा धारामा पानी नखुवाऔं। मानिसले पिउने पानीको स्रोत वरपर वृक्षारोपण गरौं। पानीको स्रोत संरक्षण गरौं। भुक्षय, बाढी पहिरोवाट पानीको मुहान संरक्षण गरौं। पानीको मुहानलाइ सुरक्षित गरियो भने घरघर मा धारामा आउने पानी स्वच्छ र सफा हुनेछ। यदी पानीको मुहान दुषिद भयो भने हामीलाइ बिभिन्न खालका रोग लाग्न पनि सक्छ। यसको संरक्षण गर्न सकेनौं भने भविस्यमा पानीको समस्या निम्तन सक्ने भएकाले संरक्षणमा पनि आवश्यक ध्यान दिनु जरुरी छ।

बाटोघाटो बनाउदा, नहर कुलो पानीको मुल मासिन सक्छ, यस्ता काम गर्दा विशेष उपाय अपनाऔं। नहर, कुलो समय/समयमा उपभोक्ताहरु मिलेर सफा गरौं। यस आयोजनाबाट सञ्चालित योजनाहरु समयमै सम्पन्न गर्न सबैले आ-आइनो क्षेत्रबाट सहयोग गरौं। ढललाई जथाभावी निकास दिने कार्य बन्द गरौ। साथै कोरोना भाइरस लगायतका रोगका संक्रमणबाट बच्न स्वास्थ्य सुरक्षाका मापदण्ड अनिबार्य अपनाऔं।

**खानेपानी तथा ढल व्यबस्थापन कार्यालय**
सुर्खेत

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना !

यस संस्थालाई एक जना प्रबन्धक (व्यवस्थापक) आवश्यक परेकोले व्यवस्थापक पदका लागि सात (७) दिने सूचना प्रकाशन गरिएको छ।

१. विज्ञापन नं. ०१/०८२/०८३
२. व्यवस्थापकको लागि निवेदन दस्तुर शुल्क रू : ५००।- (अक्षरूपि पाँच सय मात्र)
३. शैक्षिक योग्यता : व्यवस्थापक पदका लागि शैक्षिक योग्यता न्यूनतम +२ पास वा सो सरह साथै दुई वर्ष सहकारी संस्था वा वित्तिय संस्थाहरूमा दुई (२) वर्ष काम गरेको अनुभव भएको
४. आवेदन दिने अन्तिम मिति : २०८३/०२/०२ सम्म।
५. सेवा सुविधा : आपसी समझदारीमा।

**श्री शिव शक्ति बहुउद्देश्यीय सहकारी संस्था लि.**
वीरेन्द्रनगर-६, सुर्खेत






काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८५८०५०५०५, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)